(७) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-
सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ ।
संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ ।

(९) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२३. विद्यालय व्यवस्थापन समिति विघटन सम्बन्धी**

(क) विद्यालय व्यवस्थापन समितिको विघटन तोकिएबमोजिम हुनेछ ।

(ख) उपदफा (क) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि गाउँ पालिकाले अर्को नयाँ गठन गरिएको विद्यालय व्यवस्थापन समिति स्थायी विद्यालय व्यवस्थापन समितिको रूपमा रहनेछ ।

(ग) यो ऐन तथा ऐन बमोजिम नियमावली जारी भए पछि विद्यालय व्यवस्थापन समिति स्वतह विघटन भै सम्बन्धीत वडा को वडा अध्यक्ष नै अध्यक्ष रहनेछ ।

**२४. विद्यालय विधानः**

(क) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक भेलबाट पारित गराई लागू गर्नु पर्नेछ ।

(ख) वडा कार्यलयको सहमति वाट  विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(ग) विधान अनुसार विद्यालय संचालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक/प्रबन्धक लगायत अन्य सबैका कर्तव्य हुनेछ।

(घ) अध्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिवाट १५ दिनभित्र व्यवस्थापन समितिले गाउँ पालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(ङ) विद्यालयको विधान सार्वजानिक दस्तावेज हुनेछ र सो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

**२५. गाउँ पालिका शिक्षा विकास कोषः-**

(१) सामुदायिक र धार्मिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँस्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट कोषमा प्राप्त अनुदान रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
(ग) गाउँ पालिकाबाट प्राप्त अनुदान रकम,
(घ) दाताहरूबाट प्राप्त सहयोग रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम
(च) सहयोग शुल्क

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष